नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १०] काठमाडौं चैत्र २७ गते २०१७ साल [अतिरिक्ताङ्क ३०

श्री ५ को सरकार

कानून न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१७ सालको ऐन नं. ३०

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद श्रीरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणवाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

भ्रष्टाचार निवारण सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकिकरण गर्न बनेको ऐन

प्रस्तावना: जनहितको लागि भ्रष्टाचार पूर्ण रूपले निवारण हुने ठोसकानूनी व्यवस्था गर्न भ्रष्टाचार निवारण सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकिकरण गर्नु वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छः

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः (१) यस ऐनको नाम 'भ्रष्टाचार निवारण ऐन, २०१७, रहेको छ।

(२) यो ऐन, नेपाल अधिराज्यभर लागूहुने छ र जहाँसुकैरहे बसेका भएतापनि सबै राष्ट्र सेवक र नेपाली नागरिकहरू समेतलाई लागु हुने छ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "राष्ट्र–सेवक" भन्नाले देहाय बमोजिमको व्यक्ति संझनु पर्छः–

(१) श्री ५ तथा श्री ५ को सरकार वा कुनै संगठित संस्थाप्रति लिएको शपथ वा श्री ५ तथा श्री ५ को सरकार वा कुनै संगठित संस्थासंग गरेको शर्त वा कबुलियत वा समझौताबाट प्राप्त भएको नियुक्ति हुने, मनोनयन हुने वा निर्वाचन हुने कुनै लाभको पद धारण गरेको व्यक्ति वा

(२) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्ति, वा

(३) श्री ५ को सरकारले समय–समयमा नेपाल गजेटमा प्रकाशित सूचनामा राष्ट्र–सेवक भनी तोकिदिएको व्यक्ति।

स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागिः–

(क) "लाभको पद" भन्नाले श्री ५ तथा श्री ५ को सरकारको वा कुनै संगठित संस्थाको तर्फबाट ठेकिएको कुनै तलव वा भत्ता वा पारिश्रमिक वा अन्य आर्थिक सुबिधा पूरा वा आंशिक रूपले पाउने गरी नियमित रूपले वा कहिले काहीं मात्र गरे हुने काम कर्तव्य तोकिएको पद र श्री ५ तथा श्री ५ को सरकारको वा कुनै संगठित संस्थाको तर्फबाट कुनै आर्थिक सुबिधा नलिई काम गरे पनि सरकारी वा त्यस्तो संस्थाको अन्य सुबिधा वा अधिकार प्राप्त भएको पद संझनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद संझनु पर्छ ।

(ग) "राष्ट्र- सेवकको कुनै पदमा कुनै खास व्यक्ति बहाल रहनमा कानूनी बाधा परेको भए तापनि सो पदमा बहाल रहेसम्म निज राष्ट्र–सेवक नै मानिनेछ ।"

(घ) "विशेष पुलिस विभाग" भन्नाले यो ऐन अन्तर्गत भ्रष्टाचार निवारणको काममा खटिएका, लगाइएका वा तोकिएका नेपाल पुलिस फोर्सका कर्मचारीहरू र सो काममा सोही किसिमले रहेका अरू सरकारी कर्मचारीहरूको सामुहिक संगठन सम्झनु पर्छ ।

(ङ) "विशेष पुलिस अफिसर" भन्नाले विशेष पुलिस विभागको मुख्य अफिसर, सो विभागको असिष्टेंट सब–इन्सपेक्टर वा सो सरह वा सो भन्दा माथिको कुनै दर्जाको अफिसर र यो ऐन अन्तर्गत भ्रष्टाचार निवारणको काममा खटिएका, वा लगाइएका वा तोकिएका व्यक्ति वा सरकारी कर्मचारीलाई समेत जनाउंछ ।

(च) "कसूरको मात्रा" भन्नाले यो ऐन अन्तर्गत सजाय हुने कसूर गरी वा गर्ने प्रयत्न गरी कुनै व्यक्तिलाई अनुचित लाभपु, रचाएको वा पुरचाउने नियत गरेको वा राष्ट्रलाई वा श्री ५ को सरकारलाई वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई अनुचित हानी पुरचाएको वा पुरचाउने नियत गरेको अवस्था, परिस्थिति र यस प्रकार कसूर गर्ने व्यक्तिको योग्यता र ओहदा समेतको आधारमा निर्धारित गरिने कसूरको मात्रा सम्झनु पर्छ ।

(छ) "हानी" भन्नाले कसैको शरीरमा, मनमा ख्यातीमा वा सम्पत्तिमा गैरकानूनी तवरले गरेको हानी नोक्सानी संझनु पर्छ

(ज) "रिसवत" भन्नाले रकम, कलम, दैदस्तूर, सलामी, इनाम बकस वा नगदी वा जिन्सी जुनसुकै आर्थिक लाभ संझनु पर्छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद २

कसूर र दण्ड सजाय

३. राष्ट्र–सेवकले आफ्नो ओहदाको काम वापत कानूनी पारिश्रमिक बाहेक अरू रिसवत लिएमा हुने दण्ड सजायः राष्ट्र–सेवक भएको वा हुने भएको कुनै व्यक्तिले आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरिदिए वापत वा आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराई दिए वापत वा नगर्न वा नगरिदिए वापत आफ्नै वा अरू कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिक बाहेक अरू रिसवत कसैबाट लिएमा वा लिन मञ्जूर गरेमा वा लिने प्रयत्न गरेमा वा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ । रिसवत लिइसकेको भए सो रिसवत समेत जफत भै सरकारी कोषमा दाखिल गरिनेछ ।

स्पष्टिकरणः (क) "कानूनले लिनपाउने पारिश्रमिक" भन्नाले राष्ट्र–सेवकले कानून बमोजिम मांग गर्न पाउने तलव भत्ता मात्र नभई सो बाहेक कुनै कामको निमित्त लिन हुन्छ भन्ने भइरहेको अरू पारिश्रमिकलाई समेत जनाउंछ ।

(ख) गर्ने मनसाय नभए पनि गरिदिन्छु भनी केही रिसवत लिने वा नगरिकन पनि केही काम गरिदिएं भनी इनामको रूपमा केही रिसवत लिने राष्ट्र–सेवक पनि यो दफा अन्तर्गत पर्छ ।

४. राष्ट्र–सेवक उपर प्रभाव पार्न रिसवत लिएमा दण्ड सजायः कुनै व्यक्तिले देहायको किसिमसंग कुनै राष्ट्र–सेवकलाई निजको ओहदाको वा सो सम्बन्धी कुनै काम गराउन वा नगराउन मनाउन वा निजबाट गराउन वा नगराउन मनाइ दिए वापत वा सो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा सो राष्ट्र–सेवकलाई कुनै व्यक्ति उपर मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाउन वा मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाई दिए वापत कुनै व्यक्तिबाट आफ्नै वा अरू कसैको निमित्त कुनै रिसवत लिएमा, वा लिन मञ्जूर गरेमा वा लिन प्रयत्न गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ र रिसवत लिइसकेको भए सो रिसवत समेत जफत भै सरकारी कोषमा दाखिल गरिनेछ ।

(क) भ्रष्ट वा गैरकानूनी तरीकाबाट राष्ट्र–सेवकलाई प्रभावमा पार्ने सम्बन्धमा भए कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय ।

(ख) व्यक्तिगत प्रभाव राष्ट्र–सेवकलाई पार्ने सम्बन्धमा भए कसूरको मात्रा अनुसार १ वर्षदेखि २ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दुरुत्साहन गर्नेलाई दण्ड सजायः दफा ३ वा दफा ४ अन्तर्गत सजाय हुने कुनै कसूर गर्न दुरुत्साहन दिने व्यक्तिलाई सो दुरुत्साहन दिएबाट कसूर भएको वा नभएको जे भए तापनि कसूरको मात्रा अनुसार निज राष्ट्र–सेवक भए सोही कसूरको निमित्त तोकिएको सजाय र राष्ट्र–सेवक नभए त्यसको आधा सजाय हुनेछ ।

६. कामकाजसंग सम्बन्ध भएको व्यक्तिसंग बिना मोल वा कम्ती मोलमा कुनै माल वस्तु लिने राष्ट्र–सेवकलाई दण्ड सजायः कुनै राष्ट्र–सेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी आफूले गरेको वा गर्न लागेको कुनै काम कारवाइमा सरोकार भएको वा हुने संभावना भएको वा आफ्नो अफिसको कामसंग सम्बन्ध भएको व्यक्ति भन्ने जानी–जानी त्यस्तो व्यक्तिबाट आफ्नै निमित्त वा अरू कसैको निमित्त श्री ५ को सरकारको अनुमति नलिई बिना मोलमा कुनै माल वस्तु, पुरस्कार, वा भेटी वा, बकस, दानदातव्य, कोसेली, उपहार, वा सहायताको रूपमा, वा जानी–जानी कम मोलमा लिएमा वा लिन मञ्जूर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महीनादेखि ३ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ र त्यस्तो माल वस्तुलिइसकेको भए सो जफत भै सरकारी कोषमा दाखिल गरिनेछ ।

तर, त्यसरी बिना मोलमा पुरस्कार, वा भेटी वा बकस, वा सहायताको रूपमा कुनै माल वस्तु पाउने व्यक्तिले सकभर चांडै त्यसको सूचना श्री ५ को सरकारमा दिएमा निजले यस दफा अन्तर्गत कसूर गरेको मानिनेछैन ।

७. गैरकानूनी लाभ वा हानी पुरचाउने बदनियतले राष्ट्र–सेवकले काम गरेमा दण्ड सजायः

(१) सरकारी सेवामा रहेको कुनै राष्ट्र–सेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैर-कानूनी लाभ पुरचाउने बदनियतले, वा राष्ट्र, वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैरकानूनी हानी पुरचाउने बदनियतले नेपाल कानून जानी–जानी पालन नगरेमा वा श्री ५ तथा श्री ५ को सरकारसंग गरेको शपथ, वा शर्त, वा कबुलियत, वा समझौता जानी–जानी पालन नगरेमा, वा सरकारी सुबिधा वा अधि-कारको दुरुपयोग गरेमा वा त्यस्तो सुबिधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ३ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) सरकारी सेवामा रहेको बाहेक अरू कुनै राष्ट्र–सेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुरचाउने बदनियतले वा राष्ट्र, वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैरकानूनी हानी पुरचाउने बदनियतले नेपाल कानून जानी–जानी पालन नगरेमा, वा श्री ५ तथा श्री ५ को सरकार वा त्यस्तो कुनै संस्था वा कुनै व्यक्तिसंग गरेको शपथ, वा शर्त, वा कबुलियत, वा समझौता जानी–जानी पालन नगरेमा, वा राष्ट्र–सेवकको हैसियतबाट आफूले पाएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुबिधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो सुबिधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महीना-देखि २ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८. गैरकानूनी लाभ वा हानी पुरचाउने बदनियतले कुनै व्यक्तिले काम गरेमा दण्ड सजायः राष्ट्र–सेवक बाहेक अरू कुनै व्यक्तिले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुरचाउने बदनियतले, वा राष्ट्र, वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्थालाई गैरकानूनी हानी पुरचाउने बदनियतले नेपाल कानून जानी–जानी पालन नगरेमा, वा श्री ५ तथा श्री ५ को सरकारसंग गरेको शपथ, वा शर्त, वा कबुलियत वा समझौता वा ठेक्का वा लाइसेंस वा पर्मिटको शर्त जानी–जानी पालन नगरेमा वा सरकारी सुबिधा वा अधिकारको दुरुपयोग गरेमा वा सरकारी सुबिधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ३ महीनादेखि १ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

९. गलत लिखत तयार गर्ने वा गलत अनुवाद गर्ने राष्ट्र–सेवकलाई दण्ड सजायः लिखत-हरू तयार गर्ने वा अनुवाद गर्ने काम भएको कुनै राष्ट्र–सेवकले राष्ट्र वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई हानी पुरचाउने खास बदनियतले वा हानी पुग्नसक्छ भन्ने जानी–जानी कुनै लिखत तयार गर्दा वा अनुवाद गर्दा गलतसंग वा गलत छ भन्ने जानी–जानी तयार गरेमा वा अनुवाद गरेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१०. गैरकानूनी खरीद बिक्री व्यापार गर्ने राष्ट्र–सेवकलाई दण्ड सजायः कानूनले गर्न नपाउनेमा कुनै राष्ट्र–सेवकले आफ्नै वा अरूको नामबाट वा साझेदारीमा व्यापार गरेमा वा लिलाममा बढाबढ गरेमा वा कुनै फर्म वा कम्पनीको हिस्सेदार भएमा वा सरकारी सेवामा रहेकाले श्री ५ को सरकारलाई र सरकारी मान्यता प्राप्त संस्थाको सेवामा रहेकाले सो संस्थालाई पूर्व सूचना नदिई आफ्नो वा आफ्नो आश्रितको भोग वा बसोबासको निमित्त चाहिने भन्दा बढी कुनै अचल सम्पत्ति खरीद गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ३ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ र त्यसरी गैरकानूनी किसिमसंग आर्जन गरेको सम्पत्ति पनि जफत भै सरकारी कोषमा दाखिल हुनेछ ।

११. नपाएको ओहदा वा सुबिधा वा अधिकार पाएं भन्ने व्यक्तिलाई सजायः आफूले नपाएको कुनै राष्ट्र–सेवकको ओहदा वा सुबिधा वा अधिकार पाएं भनी झुक्याई सो ओहदा वा सुबिधा वा अधिकारको प्रयोग गर्ने वा प्रयोग गर्न प्रयत्न गर्ने वा नपाएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै राष्ट्र–सेवकको ओहदा सम्बन्धी चिन्ह, पोशाक, वा निस्सा लगाई वा देखाई हिंड्ने वा राष्ट्र–सेवकको ओहदा सम्बन्धी चिन्ह, पोशाक, वा निस्सा हो भन्ने अरूले विश्वास गरोस् भन्ने कपटी भावनाले त्यस्तो चिन्ह, पोशाक, वा निस्सा जस्तो देखिने कुनै कुरा लगाई वा देखाई हिंड्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ४ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१२. राष्ट्र–सेवकको ओहदाको निमित्त योग्यता, नाम इत्यादि ढांट्ने व्यक्तिलाई दण्ड सजायः कुनै व्यक्तिले राष्ट्र–सेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी कुनै योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, वतन, नागरिकता, वा अयोग्यता ढांटेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१३. आफ्नो जिम्मामा भएको सम्पत्ति मास्नेलाई दण्ड सजायः (१) कुनै राष्ट्र–सेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी काम कुरा गर्दा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको कुनै सरकारी वा कुनै व्यक्ति वा सरकारी मान्यता प्राप्त कुनै संस्थाको चल वा अचल कुनै सम्पत्ति बदनियत साथ वा जालसाजी गरी मासेमा वा अरू कुनै तवरले निजी व्यवहारमा लगाएमा वा अरूलाई लेखिए बमोजिम गर्न दिएमा वा लेखिए मध्ये कुनै काम गर्न गराउन प्रयत्न गरेमा कसूरको मात्रा अनुसार निजलाई १ वर्षदेखि ५ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ र मासेको वा मास्न दिएको सम्पत्ति पनि निज कसूरदारबाट सरकारी बांकी सरह असूल उपर गरिनेछ ।

(२) राष्ट्र–सेवक बाहेक अरू कुनै व्यक्तिले आफ्नो ओहदाको वा सो सम्बन्धी काम कुरा गर्दा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको राष्ट्रको वा श्री ५ तथा श्री ५ को सरकारको वा सरकारी मान्यता प्राप्त कुनै संस्थाको वा कुनै व्यक्तिको चल वा अचल कुनै सम्पन्त्ति बदनियतसाथ वा जालसाजी गरी मासेमा वा मास्ने प्रयत्न गरेमा कसूरको मात्रा अनुसार निजलाई १ वर्षदेखि ५ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ र सो मासेको सम्पत्ति निजबाट सरकारी बांकी सरह असूल उपर गरिनेछ ।

१४. गैरकानूनी दबाव दिने व्यक्तिलाई दण्ड सजायः ज्यान मार्ने वा सम्पत्ति हरण गर्ने वा इज्जतमा धक्का पुरचाउने डर, वा त्रास वा अरू किसिमको गैरकानूनी दबावबाट कुनै व्यक्तिले कुनै राष्ट्र–सेवकलाई यो ऐन अन्तर्गत सजाय हुने कसूर गर्न लगाएमा वा लगाउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ४ वर्षदेखि ८ वर्षसम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१५. अनुमानित कसूरः यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूरमा अभियोग लागेको कुनै राष्ट्र–सेवकको साथमा निजको र निजको परिवारका सदस्यहरूको थाहा भए सम्मको आम्दानी स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा निजले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसरी नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरू कसैलाई ठूलो दानदातव्य बकस दिएको फेला परेमा निजले अदालतलाई त्यसको सन्तोषजनक हुने सबूद दिनसकेमा बाहेक गैरकानूनी रूपले रिसवत लिएको अनुमान गरिनेछ र केवल सो अनुमानको आधारमा कसूरदार ठहरयाई अदालतबाट फैसला भएको छ भन्दैमा सो फैसला बदर हुन सक्दैन ।

१६. बाधा विरोध गर्ने व्यक्तिलाई दण्ड सजायः कुनै व्यक्तिले यो ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी तहकिकात, वा अनुसन्धान वा कारवाइमा गैरकानूनी बाधा विरोध गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महीनादेखि २ वर्ष सम्म कैदै वा जरिवाना वा दुबै सजाय हुनेछ ।

परिच्छेद ३

कसूरको तहकिकात

१७. तहकिकातः परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको तहकिकात विशेष पुलिस अफिसर-द्वारा हुनेछ ।

१८. विशेष पुलिस विभागको गठनः (१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको तहकिकातको निमित्त एक विशेष पुलिस विभाग सोझै श्री ५ को सरकारको रेखदेख र नियन्त्रणमा रहनेछ ।

(२) विशेष पुलिस विभागको काम, कर्तव्य, तथा प्रशासनको निमित्त श्री ५ को सरकारले विशेष पुलिस विभागको प्रमुखको रूपमा एक मुख्य अफिसरको नियुक्ति गर्नेछ र निजलाई सो काममा सहायता दिनको निमित्त आवश्यक विशेष पुलिस अफिसर र अरू कर्मचारीहरू रहनेछन् । परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको तहकिकातको काममा निज मुख्य अफिसरको आदेश नेपाल पुलिस फोर्सको निमित्त सो फोर्सको आई. जी. पी. को आदेश सरह हुनेछ ।

(३) विशेष पुलिस अफिसरले लिखित आदेश दिएर कुनै व्यक्तिलाई वा सरकारी कर्मचारीलाई केही समयको निमित्त म्यादी तथा अस्थायी विशेष पुलिस अफिसर नियुक्त गरी वा तोकी वा खटाई परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सम्बन्धमा काम लगाउन सक्नेछ र यस प्रकारको म्यादी तथा अस्थायी नियुक्तिलाई रीतपूर्वकको नियुक्ति नभएको भन्ने प्रश्न उठाइने छैन ।

१९. विशेष पुलिस अफिसरको काम, कर्तव्य र अधिकारः (१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर विशेष पुलिस अफिसरको उपस्थितिमा हुन आएमा कसूरदारलाई विशेष पुलिस अफिसरले गिरफ्तार गर्न र कारवाइ गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

(२) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा मौका तहकिकात वा अनुसन्धान गर्दा वा सबूद प्रमाण संकलन गर्दा कसूरमा मुच्छिएको व्यक्तिलाई गिरफ्तार गर्ने, सरकारी वा गैरसरकारी स्थानको खान तलासी गर्ने, सम्बन्धित कागजपत्रहरू आफ्नो जिम्मामा लिने, अभियुक्तलाई बयान गराउने, सरजमीन मुचुल्का तयार गर्नेसमेत प्रचलित कानून बमोजिम पुलिसले पाए सरहको सबै अधिकार, कर्तव्य, सुबिधा र दायित्व विशेष पुलिस अफिसरलाई हुनेछ र त्यस्तो तहकिकात अनुसन्धान गर्दा अभियुक्तलाई तारीखमा राख्ने, जमानी लिई छाड्ने बारे अदालतलाई भए सरहको अधिकार पनि आवश्यकतानुसार विशेष पुलिस अफिसरले प्रयोग गर्न पाउनेछ ।

(३) गिरफ्तार गरिएको व्यक्तिलाई प्रचलित पुलिस सम्बन्धी कानूनले दिएको अधिकारभन्दा बढी समयसम्म हिरासतमा राख्न परे विशेष पुलिस अफिसरले यो ऐन अन्तर्गत तोकिएको वा गठित अदालतको न्यायाधीशको अनुमति लिई थप ३ महीनासम्म हिरासतमा राख्न सक्नेछ ।

(४) जुनबेला विशेष पुलिस अफिसर जुन इलाकामा पुगेको हुन्छ, त्यसबेला निजले आफ्नो दर्जाको वा सो इलाकाको पुलिस थाना, र चौकीको अफिसर इन्चार्जको अधिकार परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी काममा प्रयोग गर्न सक्छ ।

परिच्छेद ४

विभागीय कारवाइ

२०. सरकारी सेवामा रहेका राष्ट्र–सेवक उपर विभागीय कारवाइ: (१) सरकारी सेवामा रहेका नन्‌ग्याजेटेड् राष्ट्र–सेवकले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष पुलिस अफिसरले मौका तहकिकात, र अनुसन्धान गरेको मुद्दामा विशेष पुलिस विभागले निजामती सेवा ऐन र निजामती सेवा नियमावली तथा पुलिस ऐन र नेपाल पुलिस फोर्स नियमावली अन्तर्गतको विभागीय कारवाइ र सजाय त्यस्तो राष्ट्र–सेवकलाई दिनसक्नेछ र यस प्रसङ्गमा बेग्लै विभागीय कारवाइ गरिरहनु पर्नेछैन ।

(२) सरकारी सेवामा रहेका ग्याजेटेड् वा सोभन्दा माथिको दर्जाको राष्ट्रसेवकले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा वशेष पुलिस अफिसरले मौका तहकिकात र अनुसन्धान गरेको मुद्दामा विशेष पुलिस विभागले निजामती सेवा ऐन र निजामती सेवा नियमावली तथा पुलिस ऐन र नेपाल पुलिस फोर्स नियमावली अन्तर्गतको विभागीय कारवाइ र जांचबूझ गर्ने अफिसरले गर्नुपर्ने काम कारवाइ गरी त्यस्तो राष्ट्र–सेवकलाई विभागीय सजाय दिन राय ठहर गर्न र त्यो निमित्त श्री ५ को सरकारमा जाहेर गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. अपील र अपील दिने म्यादः (१) दफा २० को उपदफा (१) अन्तर्गत विभागीय सजायको आदेश पाएको राष्ट्र–सेवकले सो आदेशको सूचना पाएका ३५ दिनभित्र सो आदेश उपर श्री ५ को सरकामा अपील गर्न सक्नेछ र त्यस्तो अपील परेकोमा श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ।

(२) दफा २० को उपदफा (२) अन्तर्गत विभागीय सजायको आदेश पाएको राष्ट्र–सेवकले सो आदेशको सूचना पाएका ३५ दिनभित्र सो आदेश उपर कानूनी तथ्यमा सर्वोच्च अदालतमा अपील गर्न सक्नेछ।

२२. राष्ट्र–सेवक बाहेक अरूको सम्बन्धमाः कुनै व्यक्तिले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष पुलिस अफिसरले मौका तहकिकात र अनुसन्धान गरेको मुद्दामा विशेष पुलिस विभागको सूचना अनुसार त्यस्तो व्यक्तिलाई कुनै सरकारी ठेक्का वा लाइसेंस वा पर्मिट केही समयको निमित्त नदिने गरी र अदालतबाट कसूरदार ठहरी सजाय पाएको भए त्यस्तो व्यक्तिलाई विशेष पुलिस विभागको सूचना अनुसार केही खास अवधि वा संधैको लागि कुनै सरकारी ठेक्का वा लाइसेंस वा पर्मिट नदिने गरी श्री ५ को सरकारले निर्णय गर्न सक्नेछ।

२३. स्वतः सस्पेंड भएको मानिनेः परिच्छेद ३ अन्तर्गतको तहकिकातको सिलसिलामा हिरासतमा रहेको राष्ट्र–सेवक त्यसरी हिरासतमा रहेको अवधि भर स्वतः सस्पेंड भएको मानिनेछ।

परिच्छेद ५

अदालती कारवाई

२४. मुद्दा चलाउनेः (१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोग लागेका सरकारी सेवामा रहेका कुनै राष्ट्र–सेवक उपर परिच्छेद ४ अन्तर्गत विभागीय कारवाइ र सजाय भैसकेपछि सो सजायका आदेश उपर अपील परेकोमा अन्तिम निर्णय भएपछि वा अपील नपरेकोमा अपील लाग्ने म्याद भुक्तान भएपछि विशेष पुलिस अफिसरले नन्‌ग्याजेटेड् राष्ट्र–सेवक सम्बन्धी भए श्री ५ को सरकारको स्वीकृति नलिइकन सरकारी वकीलका राय अनुसार सोझै अदालतमा मुद्दा दायर गर्न सक्नेछ र ग्याजेटेड् वा सोभन्दा माथिको दर्जाको राष्ट्र–सेवक भए श्री ५ को सरकारको स्वीकृति लिइकन मात्र अदालतमा मुद्दा दायर गर्न सक्नेछ।

(२) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोग लागेका गैरसरकारी राष्ट्र–सेवक वा अरू व्यक्ति उपर अदालतमा मुद्दा चलाउन विशेष पुलिस अफिसरले श्री ५ को सरकारको स्वीकृति लिइरहनु पर्दैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोछ मात्र लागु हुनेछ।

२५. सरकार वादी हुनेः परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोगमा अदालतमा चलाइने सबै मुद्दाहरू सरकार वादी भई विशेष पुलिस अफिसरको नामबाट दायर-गरिनेछ र विशेष पुलिस अफिसर बाहेक अरू कसैको नामबाट यस प्रकारको मुद्दा दायर गर्न सकिनेछैन ।

२६. सस्पेंडमा रहनेः सरकारी सेवामा रहेको अभियुक्त राष्ट्र–सेवक उपर यस परिच्छेद अन्तर्गत अदालतमा मुद्दा दायर हुनासाथ अभियुक्त राष्ट्र–सेवक तत्काल सस्पेंडमा रहेको रहेनछ भने स्वतः सस्पेंडमा रहनेछ ।

२७. अदालतको अधिकार क्षेत्रः (१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा श्री ५ को सरकारबाट तोकिएको वा गठन गरिएको अदालतमा दायर गरिनेछ । सो बाहेक अरू कुनै अदालतलाई यस किसिमको उजूरी लिने अधिकार हुनेछैन ।

(२) यस परिच्छेद बमोजिम दायर भएको मुद्दामा कारवाइ तथा किनारा गर्दा उपदफा (३) मा लेखिएदेखि बाहेकका अरू कुरामा उक्त अदालतले नेपाल कानून बमोजिम फौजदारी मुद्दा कारवाइ किनारा गर्दा इलाका अदालतलाई भएको सबै अधिकारको प्रयोग गर्न पाउनेछ र सोही बमोजिमको कार्यप्रणाली अपनाउनु पर्छ ।

(३) यस परिच्छेद बमोजिम परेका मुद्दामा ३ पटकसम्म गरी जम्मा ३० दिनभन्दा बढीको हद म्याद थाम्न पाइनेछैन ।

२८. अपीलः दफा २७ अन्तर्गत अदालतले गरेको फैसला उपर सर्वोच्च अदालतमा अपील लाग्न सक्नेछ र त्यस्तो अपील परेकोमा सर्वोच्च अदालतले हेरी किनारा लगाउनेछ ।

२९. जरिवानाको हदः परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जरिवाना तोक्दा जरिवानाको माथिल्लो हद रु. ५०००। हुनेछ ।

तर, मोल पर्ने माल वस्तु वा रिसवत लिएकोमा त्यस्तो माल वस्तु वा रिस-वतको मोल बिगो रु. ५०००। भन्दा बढी भएमा सो बिगो बमोजिम जरिवाना हुनेछ ।

३०. अरू प्रचलित नेपाल कानून बमोजिम मुद्दा चल्नेः यस परिच्छेदमा लेखिएको कुनै कुराले कुनै व्यक्तिमाथि अरू नेपाल कानून बमोजिम अन्य अदालत वा अड्डाहरूमा कसैले मुद्दा चलाउन पाउनेमा बाधा पुऱ्याएको मानिनेछैन ।

परिच्छेद ६

विविध

३१. अधिकार सुम्पनेः श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै सरकारी कर्मचारीलाई स्थायी रूपमा विशेष पुलिस अफिसरको अधिकार र कर्तव्य सौंप्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्यहरूलाई पूर्ति गर्नको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

३३. खारेजीः राष्ट्र–सेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ (राष्ट्र–सेवकहरूको भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०१५ सहित) खारेज गरिएको छ ।

३४. खारेजीको परिणामः (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि राष्ट्र–सेवकहरूको (भ्रष्टाचार निवारण) ऐन अन्तर्गत विशेष पुलिस विभागबाट तहकिकात भएका वा हुन बांकी वा अदालतमा मुद्दा चलेका सबै मुद्दाहरू अवस्थानुसार यस ऐन अन्तर्गत गठन भएको विशेष पुलिस विभागमा सरेको वा यस विभागले दायर गरेको संझिइनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा पहिलेका नेपाल भ्रष्टाचार निवारण ऐन, २००९ र राष्ट्र–सेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ (राष्ट्र–सेवकहरूको) भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०१५ सहित अन्तर्गतका कसूरहरूमा कारवाइ, तहकिकात र विभागीय कारवाइ यस ऐन अन्तर्गत गरिनेछ ।

(३) दफा २७ अनुसार श्री ५ को सरकारले कुनै अर्को व्यवस्था नगरेसम्म राष्ट्र–सेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ अन्तर्गत गठन गरिएको विशेष अदालत यसै ऐनको दफा २७ अन्तर्गत गठन गरिएको मानिनेछ ।

३५. बचाउः (१) नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निस्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून ब्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

(२) प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः २०१७।१२।२७।१

आज्ञाले–
उदयप्रसाद,
श्री ५ को सरकारको सचिव
कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।